गजुरी गाउँपालिका
गजुरी गाउँकार्यपालिकाको कार्यालय
गजुरी, धादिङ

**आ.व. २०८०/०८१ को लागि नदीजन्य पदार्थको उत्खनन तथा बिक्री करका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

तेश्रो पटक प्रकाशित मितिः २०८०/०७/०३

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क. र यस गजुरी गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा ८ को व्यवस्था बमोजिम मलेखु, बेल्खु र त्रिशुली नदीहरुको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम उत्खनन हुने नदीजन्य पदार्थ गजुरी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्न यसअघि मिति २०८०/०३/२० र २०८०/०४/२३ गतेको नयाँ पत्रिका दैनिकमा बोलपत्र आव्हान गरिएकोमा कुनै फर्म व कम्पनीले बोलपत्र प्रक्रियामा सहभागी नभएको हुँदा पुनः इच्छुक फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ताका प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपीहरू संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं | बोलपत्र नं. | बोलपत्रको नाम | आ.व. २०८०/०८१ का लागि कायम वार्षिक न्यूनतम बोलपत्र रकम (मू. अ. कर बाहेक) | उत्खनन् तथा संकलन गर्न पाउने अधिकतम परिमाण | बोलपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | राजश्व १/२०८०/०८१ | ढुंगा, गिट्टी, बालुवा, रोडा, ग्राभेल, स्लेट, बिछ्याउने ढुंगा भट्टामा प्रयोग हुने माटो उत्खनन तथा बिक्री शुल्क उठाउने कार्य । | ४,६१,८७,२००.६२ (चार करोड एकसट्ठी लाख सतासी हजार दुई सय रुपैया बैसट्ठी पैसा मात्र) | खोला खानी क्रसर, बालुवा धुने उदयोगहरू समेत गरी जम्मा (१,०९,०९६.७६ घन मिटर) ३८,४८,९३३.८८ घन फिट | रू.५०००/- (अक्षेरेपी रू पाँच हजार मात्र) | कबोल अंकको ५ प्रतिशत |

शर्तहरू

१. फर्मको नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको रसिद वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय गजुरीमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता बैंक खाता नं. (ग १.१.) १०५०१००३०१०१०००२ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको नगदी रसिद वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ । बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

२. आफुले कबोल गरेको अंकको कम्तिमा ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय गजुरीमा मा रहेको धरौटी खाता नं. (ग ३.) १०५०१००३०३००००००२ (धरौटीको लागि) जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं. मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डकपी वा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको १२:३० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले १५ औं दिन दिनको ११:०० बजे गजुरी गाउँपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरूले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन सार्वजनिक बिदा परेमा सो बैठक उक्त दिनको भोलिपल्ट सोही समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको मितिले १५ दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत संलग्न गरी कबोल अंकको प्रथम किस्ता बापत ३० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो र तेस्रो किस्ताबापत ७० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८१ साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा अनिवार्य बुझाउनु पर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरूको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय अध्ययन IEE प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

९. आन्तरिक आय बन्दोबस्तीका लागि गरिएको यस ठेक्काको अवधि आ व २०८०/०८१ मा यस कार्यालयसंग ठेक्का संझौता भएको मितिदेखि २०८१ असार मसान्त सम्म रहनेछ ।

१०. बन्द हड्ताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाईने छैन। यस प्रयोजनका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदनको परिधिभित्र रही तोकिएको समयावधिमा मात्र नदी क्षेत्रबाट सामग्री उत्खनन् गर्न दिईने छ ।

११. गाउँपालिकाको हितलाई मध्यनजर गरी कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । तोकिएको समयमा तोकिएको किस्ता रकम अनिवार्य रूपमा बुझाउनु पर्नेछ । कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१२. ठेक्काको बाँकी दुई किस्ता रकम मध्ये क्रमश: दोस्रो किस्ता २०८० फाल्गुण मसान्त, तेस्रो तथा अन्तिम किस्ता २०८१ वैशाख मसान्त भित्र बुझाई सक्नु पर्नेछ ।

१३. यस सूचनामा उल्लेख भएका शर्तहरूका अतिरिक्त बोलपत्र फारमसाथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरूका प्रत्येक बुँदाहरू यसै सूचनाका शर्त सरह लागू हुनेछ ।

१४. उल्लेखित शर्त पूरा नभएको बोलपत्रहरूलाई मूल्यांकनमा समावेश गरिने छैन । यस शर्तमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम ठेक्का स्विकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

(नोट) विस्तृत जानकारीको लागि यस कार्यालयको website: www.gajurimun.gov.np मा समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत